# परम्परागत चित्रकला र यसको रचना प्रक्रिया

लोक चित्रकार


## लेखसार

**नेपाली मौलिक कलाका क्षेत्रमा परम्परागत चित्रकला विधा प्रमुख विधाका रूपमा रहिआएको छ। यसको प्राचीनता, मौलिकता र महत्त्वबारे सर्वसाधारणदेखि लिएर प्रबुद्ध वर्ग भनाउँदाहरू समेत कम जानकारी राख्छन् वा यसप्रति उदासीन छन्। यस विषयमा अध्ययन गर्ने र छलफल गर्ने अवसर नपाएर पनि यस्तो भएको हुन सक्छ। नेपाली परम्परागत चित्रकलाको अपेक्षित रूपमा प्रचार हुन नसक्नु पछाडि यसबारे पढ्ने, लेख्ने, हेर्ने अवसरको कमीले गर्दा पनि हो। नेपाली परम्परागत चित्रकला के हो, यसलाई कसरी बुझ्ने र यसको सिर्जनात्मक प्रक्रिया र प्राविधिक पक्ष के हुन्, यसमा प्रयोग हुने सामग्रीहरू के हुन्, यसको सिर्जनात्मक बन्देज तथा स्वतन्त्रता आदि सम्बन्धमा थोरै भए पनि प्रकाश पार्नु यस लेखको उद्देश्य रहेको छ।**


## विषय प्रवेश

प्रायः सर्वसाधारणको बुझाइमा परम्परागत कला भनेको विदेशीहरूलाई उपहारमा दिनका लागि बेचिने सामग्री हो भन्ने रहेको छ। व्यापारीहरूका लागि विदेशमा निर्यात गरिने व्यापारिक वस्तु भइदिएको छ भने समसामयिक कलाका केही विद्वान्हरूको सोचाइमा यो 'कपी आर्ट' मात्रै हो भन्ने रहेको छ। कसैका लागि भने यो हस्तकलाको सामग्री मात्रै हो भन्ने रहेछ। धार्मिक पण्डितहरूको बुझाइमा यो धर्म प्रचारको सामग्री मात्रै रहेको छ। वास्तवमा यो ज्यादै खट्किने कुरो हो। नेपाली मौलिक कलाप्रति सबैतिरबाट अति नै अवमूल्यन भइरहेको छ। परम्परागत कला विधा र कलाकारहरू सबैतर्फबाट उपेक्षित छन्।

आजभोलि देश विदेशको सयल गर्ने र विदेशमा अध्ययन गर्न जाने व्यापक प्रचलन पाइन्छ। विदेशमा पुग्दा कहीं न कहीं, कुनै न कुनै रूपमा नेपाली कलाका बारेमा बताउनुपर्ने वा कुराकानी गर्नुपर्ने अवस्था त आउँछ नै। साथै कतिपय विदेशीहरूलाई नेपाली कलाप्रति धेरै अभिरुचि हुन्छ। कोही कोही त हाम्रो धर्म, संस्कृति र कलाका ज्ञाता समेत हुन्छन्। यस्तो अवस्थामा नेपाली कलाका बारेमा केही थाहा नपाउँदा लाजमर्दो अवस्थाको सामना गर्नुपरेको अनुभव सुनाउने विदेशबाट फर्केका नेपालीहरूको कमी छैन।

हामीहरू विदेशीहरूसँग कुरा गर्दा सामान्य व्यक्ति पनि आफ्नो देशको कलाका बारेमा केही न केही जानकार रहेका पाउँछौं। उनीहरूको विद्यालयको पाठ्यक्रममा तल्लो तहदेखि नै आफ्नो देशको कला समावेश गरिएको हुन्छ। म्युजियम र ग्यालरी गई कलाकृति अवलोकन गर्ने त उनीहरूको संस्कृति नै बनिसकेको छ। आफ्नो आर्थिक हैसियत र घरको अवस्थाअनुसार एउटा मात्रै भए पनि चित्र किनेर घरमा झुन्ड्याउँछन्।

नेपाली परम्परागत चित्रकला मौलिक कला विधा हो। यस विधाको विषय र शैलीका अनेकौं स्वरूपहरू छन्। अभिव्यक्तिका पाटाहरू अनगिन्ती छन्। यसभित्र शैलीगत र शिल्पगत ज्ञानका अपार भण्डार रहेका छन्। सामग्री र प्रयोग विधि स्थानीय र मौलिक छन्। यसलाई बुझ्न र बुझाउनका लागि हाम्रो कला, संस्कृति र जीवन शैलीलाई बुझ्नुपर्ने हुन्छ। धर्म, संस्कृति र कलाबाट जीवनमा पर्ने प्रभावलाई बुझ्नुपर्ने हुन्छ। कुनै पनि चित्रको हुबहु नक्कल गर्दैमा त्यो परम्परागत चित्र हुन सक्दैन। परम्परागत चित्र सिर्जनाका विविध विधि र सिद्धान्तहरू छन्। हाम्रो समाजमा विशिष्ट र वरिष्ठ भनिएका कलाकारहरूले समेत परम्परागत



**लोक चित्रकार**, *प्रज्ञापारमिता,* इ. सं. २००६, कपडामाथि खनिज रङ, सुन र चाँदी

कलाकारहरूलाई ‘कपी आर्टिस्ट’ भनेर हियाउँछन्। यो अति नै दुःखद कुरा हो। यी नकारात्मक पक्षलाई बिर्सेर सकारात्मक पक्षतर्फ हेर्ने हो भने नयाँ पुस्ताका केही कलाकारहरूमा परम्परागत कलाप्रति अभिरुचि र अनुराग बढ्न थालेको पनि महसुस हुन्छ। तीमध्ये कसै कसैले परम्परागत कलाका विषय र तत्त्वहरूलाई आफ्ना कृतिहरूमा प्रयोग पनि गर्न थालेको पाइन्छ। तिनका प्रयास राम्रो वा नराम्रो, ठिक वा बेठिक, सान्दर्भिक वा असान्दर्भिक भन्ने कुरा छलफल र बहसका विषय हुन सक्छन्। त्यो अर्कै पाटो हो।

## पौभा कला

सौन्दर्यको अनुपस्थितिमा कला हुँदैन। पौभा कलामा पनि सौन्दर्य अनिवार्य सर्तका रूपमा रहेको हुन्छ। यसमा जीवन दर्शनलाई प्रतीकात्मक ढङ्गले अभिव्यक्त गरिएको हुन्छ। कुनै एउटा चित्र वा कसैको एउटा चित्रको आधारमा यो अनुकृति हो वा होइन, त्यो भन्न सकिँदैन र त्यसो भन्नु न्यायोचित पनि हुँदैन।

यस विधामा हात हाल्ने सर्जकमा धर्म, दर्शन, संस्कृतिबारे गहन ज्ञान हुनुपर्छ। विषयगत ज्ञान र शिल्पगत दक्षता त अनिवार्य सर्त हो। हाम्रो धार्मिक र सांस्कृतिक परम्पराले हाम्रो जीवन पद्धतिलाई मात्र होइन, अपितु सामाजिक व्यवस्थापन र वातावरण संरक्षणका दिशामा पनि हामीलाई निर्दिष्ट गरेका छन्। परम्परागत चित्रकला विधा मूलतः प्रतीकवादी कला हो। विविध दर्शनका कुराहरूलाई व्यक्त गर्नका लागि यसमा अनेकौँ प्रतीक चिह्नहरू प्रयोग गरिन्छन्। आकाश, बादल, रूख, फूल, हावा, पानी, आगो जस्ता प्राकृतिक यथार्थ तथा दुःख, सुख, प्रेम, करुणा, दया, माया, क्रोध, घृणा, वीरता, क्रूरता जस्ता मानवीय संवेग एवम् ज्ञान, सीप जस्ता मानवीय गुणलाई विभिन्न वस्तु वा आकृतिहरूका माध्यमद्वारा अभिव्यक्त गर्ने व्यवस्थापन नै परम्परागत कलाको वैशिष्ट्य हो।

रङबारे ज्ञान, रङ बनाउन प्रयोग गरिने खनिज र वनस्पतिबारे जानकारी, रङ बनाउने प्रविधि, आकृतिको नाप, नक्सा, रेखा, वलय तथा प्रतिमा विज्ञानअनुसार मुद्रा, हस्तमुद्रा, भावमुद्रा, प्रभामण्डल, आसन, वाहन, आभूषण, विविध आयुधहरू सही एवम् उपयुक्त किसिमले प्रयोग गर्न नजानीकन परम्परागत चित्र गर्ने चेष्टा गर्न सकिँदैन। महायानी र तान्त्रिक बौद्ध परम्परा, धर्म दर्शन र यसका महापुरुषहरू, विभिन्न मनुषी बुद्धहरू, दर्शनका बुद्धहरू, धर्मकाय, निर्माणकाय सम्भोगकायीक बुद्धहरू, विभिन्न तहका बोधिसत्त्वहरू, तान्त्रिक बहुभुजा र बहुमुखा देवी देवताहरू यसका विषय हुन्। विभिन्न दान, धर्म, व्रत, विहार निर्माणका चित्रहरू पनि यसका विषय हुन सक्छन्। शिव र शैव धर्मसँग सम्बन्धित विषयहरू पनि हुन्छन्। विष्णु र वैष्णव संस्कृतिसँग सम्बन्धित कृति पनि रच्न सकिन्छ। पीठ र तान्त्रिक देवीहरू, शक्ति देवीहरू पनि परम्परागत चित्रकलाका विषय हुन्छन्। त्यस्तै दया, ज्ञान, करुणा, उपाय, शील आदि अमूर्त विषयहरूलाई पनि अभिव्यक्त गर्ने परम्परा पाइन्छ। विभिन्न देवी देवताका मण्डलहरू पनि यसका विषय वस्तु हुन सक्छन्।

बौद्ध एवम् हिन्दु धर्म दर्शनका प्रत्येक आयामलाई मानवीकरण गरी अभिव्यक्त गर्ने पद्धतिको विकास प्राचीन कालमा नै भएको थियो। यसको वैज्ञानिकताले गर्दा यो पूर्ण शास्त्रीय बन्न गयो। यही शास्त्रीय पद्धतिलाई निरन्तर अभ्यास गर्दै जाँदा यो परम्परागत अमिट मार्ग बन्न पुग्छ। यसका विषय वस्तुहरूको पुनरावृत्ति हुन सक्छ, अपितु त्यो नक्कल नै होइन। सिप र ज्ञान दुवैको सन्तुलित अभिव्यक्ति नै परम्परागत कला हो। कुनै चित्रको हुबहु नक्कल नै परम्परागत कला हो भन्ने मान्यताका कारण हाम्रो मौलिक कलाको अवमूल्यन भइरहेको छ। यस सोचाइमा परिवर्तन हुनुपर्छ। सिकाइका क्रममा ज्येष्ठ वा वरिष्ठ कलाकारका कृतिको अनुकरण गरी चित्राङ्कन गर्ने परिपाटी कुनै पनि कला विधामा पाइन्छ र यो संसारभरि नै गरिन्छ। मास्टर आर्टिस्टको कृतिको नक्कल गरी अध्ययन गर्ने कुरालाई परम्परागत कला भन्न सकिँदैन। परम्परागत कलालाई कपी आर्ट भन्नु यो कला विधाप्रति अन्याय गर्नु र पूर्वाग्रही हुनु हो।

नेपाली परम्परागत चित्रकला विधामा अभिव्यक्तिका लागि अनेकौँ विषय छन्। ती विषयहरू बहुआयामिक छन्। एउटै विषयमा मात्रै जीवनभर काम गर्दा पनि

सकिँदैन। विषय वस्तु धेरै हुनाले तिनलाई निश्चित पद्धतिमा विकास गरिएको हो। यस पद्धतिअनुसार काम गर्दा त्यो एउटा मार्ग चित्र बन्छ। विषय छनोट गर्न कलाकार स्वतन्त्र हुन्छ। उसले आफूलाई मन लागेको विषय छान्न सक्छ। कलाकारले आफ्नो विचार दर्शनमा खोज्ने र तुलनात्मक अध्ययन गरी छनोट गर्नुपर्ने हुन्छ। यसपछि उनी प्रतिमा लक्षण विधानभित्र बाँधिनुपर्ने हुन्छ। प्रतिमा लक्षणको नियमलाई अनिवार्य रूपमा पछ्याउनुपर्ने हुन्छ। नियमलाई उलङ्घन गरी वा त्यसलाई भङ्ग गरी सम्पादन गर्नुलाई सिर्जनात्मक त्रुटि मानिन्छ। नियम पालना गर्नु र अनुशासनभित्र बस्नु भनेको स्वतन्त्र नहुनु होइन। स्वतन्त्रता भनेको अनुशासनको परिधिभित्र नै हुनुपर्छ। अनुशासन भनेको परम्परागत चित्रण विधिको आधारशिला हो। यस कुराको उदाहरणका रूपमा प्रज्ञापारमिताको दर्शनलाई लिन सकिन्छ। प्रज्ञापारमिता सर्वसाधारणका लागि एउटा बौद्ध ग्रन्थ हो। वास्तवमा प्रज्ञापारमिता शून्यता ज्ञानको पारङ्गतता हो भन्ने बुझिन्छ। महाज्ञानी बौद्ध धर्म दर्शनको सर्वोच्च ज्ञान प्रज्ञापारमिता हो। यो नेपालको सर्वाधिक प्राचीन ग्रन्थमध्ये एक हो। इस्वी संवत् १०१५ मा लिखित प्रज्ञापारमिता ग्रन्थ हाल क्याम्ब्रिज युनिभर्सिटीको लाइब्रेरीमा सङ्ग्रहित छ। प्रज्ञापारमिता ग्रन्थलाई शून्यता ज्ञानको प्रतीकको रूपमा प्रज्ञापारमिता देवीलाई मानिन्छ। यी देवीलाई स्मरण गर्ने बित्तिकै वा दर्शन गर्ने बित्तिकै शून्यता ज्ञानको स्मरण हुन्छ।

प्रज्ञापारमिता विषयमा अनेकौँ चित्र बनेका छन्। यो परम्परागत कलाका प्रमुख विषयमध्ये एक हो। प्रज्ञापारमिता सूत्र नेपालमा मात्र नभई महायानी बौद्ध दर्शन विस्तार भएका मुलुकहरू चीन, तिब्बत, जापान, कोरिया आदिसम्म फैलिएको छ। त्यहाँ पनि प्रज्ञापारमिताको ज्ञानको ठूलो अभ्यास रहेको छ।

प्रज्ञापारमिताको पाठ प्रत्येक बौद्ध मन्दिरमा पनि हुन्छ। जापानमा 'क्यालिग्राफी' अर्थात् लेखनकला परम्परागत कला हो। यस लेखनकलाको एक प्रमुख विषयका रूपमा प्रज्ञापारमिता रहेको छ। नेपालमा नवग्रन्थ, नवव्याकरण सूत्रमध्ये प्रज्ञापारमिताको अभ्यास महत्त्वपूर्ण धार्मिक अभ्यास हो। पाटनको क्वाबहाल (हिरण्यवर्ण महाविहार) मा दिनहुँ अष्टसहास्रिका प्रज्ञापारमिताको पूजा पाठ हुन्छ। यो आठ हजार ओटा श्लोक भएको ग्रन्थका अक्षरहरू नीलपत्रमाथि सुनबाट लेखिएको छ।

आठ हजार श्लोक भएको अष्टसहास्रिकाको अतिरिक्त एक लाख श्लोक भएको शतसहास्रिका पनि नेपालमा प्रचलनमा रहेको छ। प्रज्ञापारमिता हृदयसूत्र सबभन्दा छोटो ग्रन्थ हो। वज्रच्छेदिका सूत्र हृदयसूत्र सबभन्दा छोटो प्रज्ञापारमिताको ग्रन्थ हो। प्रज्ञापारमिता हृदय सूत्रमा रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान यी पञ्चस्कन्ध नै शून्यता हो। शून्यता नै रूप आदि हो भन्ने बुझ्न कठिन दर्शनलाई प्रस्तुत गरिएको छ। यस्तो गहन दर्शनलाई एक पल्ट पढ्दैमा बुझिँदैन र निरन्तर अभ्यासमा जुटिरहनुपर्ने हुनाले नबिर्सिऊन् भनेर ज्ञानलाई देवी आकारमा धारण गर्ने प्रथा चलेको हो। प्रज्ञा भनेको शून्यता ज्ञान हो। त्यसलाई शब्दमा भन्न त सकिन्छ, अपितु बुझ्न भने अति कठिन छ। यो अति नै गम्भीर विषय मानिन्छ। रूप नै शून्यता हो र शून्यता नै रूप हो भन्ने ज्ञान बुझ्न र बुझाउनका लागि सजिलो र उपयुक्त उपाय भनेको प्रज्ञापारमिताको प्रज्ञालाई देवीका स्वरूपमा चित्रण गर्नु हो। मानवाकृत (देवी) प्रज्ञापारमिता देवीलाई सबै बुद्धहरूका जननीका रूपमा लिइन्छ र धर्म सत्यताको प्रतीक पनि मानिन्छ। संवृत्ति सत्य र परमार्थ सत्यलाई बुझ्न तथा तिनलाई अनुभूत गर्न र बोध गर्न आफैँमा कठिन विषय हो। अतः प्रज्ञा ज्ञानका लागि प्रज्ञापारमिताकी एक देवीलाई आलम्बनको रूपमा प्रयोग गरिन्छ। तसर्थ प्रतिमा लक्षणहरू सादृश्य हुनु अति आवश्यक छ। साधारण रूपबाट बुझ्न सकिने गरी प्रतिमा लक्षणमा सबै देवी देवताका गणहरू छुट्टाछुट्टै हुने हुनाले उनीहरूका दर्शनअनुसार नै प्रतिमाको रङ, मुद्रा, आसन, वाहन, भाव, लक्षण, आभूषण, प्रभामण्डल र शक्तिवरिपरि अवस्थित रहने अन्य देवी देवताको समेत निश्चित व्यवस्था हुन्छ।

प्रज्ञापारमिता ज्ञानलाई देवीका रूपमा रूपान्तर गर्दा उनलाई ध्यानमुद्रामा बसेकी, आँखा बन्द गरी सीधा हेरेकी, मुसुक्क हाँसेकी, सुख र आनन्दको अनुभूति दिने ठिक्कको शरीरकी (न पातली, न त मोटी)

षोडशी र सुडौल शरीर भएकी, चार हात, पहेँलो वर्ण भएकी देवीको रूपमा चित्रण गरिन्छ। मुख्य दुई हातबाट धर्मचक्र मुद्रा (ज्ञान सिकाइमा हातको सङ्केत) गरेकी, दायाँ एक हातले जपमाला समातेकी, बायाँ हातमा प्रज्ञापारमिता सूत्र ग्रन्थ समातेकी, पैताला माथि पारी पलेटी कसेर वज्रासन (हठयोगमा यसलाई पद्मासन भनिन्छ) मा बसेकी, कमलमाथि चन्द्रमण्डलमा बसेकी, पहेँलो वर्ण (स्वर्ण वर्ण) भएकी अति आनन्दित, र अनेकौँ गरगहनाहरू धारण गरेकी देवी भनी बुझ्न सकिन्छ। यति थोरै वर्णनका आधार मा ठिक स्वरूपको चित्रण गर्न सक्नुपर्छ। यसको लागि लामो शिल्पगत अभ्यास तथा धर्म, संस्कृति र  दर्शनको सूक्ष्म अध्ययनको आवश्यकता पर्छ। प्रज्ञापारमिताको स्वरूप यतिमा मात्र सीमित छैन। अन्य धेरै प्रकारका पनि छन्।

प्रज्ञापारमिताको दर्शन शून्यता दर्शन हो। भौतिक वस्तुको सुख नाशवान् छ। नाशवान् वस्तुबाट सत्य (सुख) प्राप्त गर्न सकिँदैन भन्ने कुरा बोध गराउन निरन्तर अभ्यास आवश्यक रहन्छ। परिवर्तित र नाशवान् वस्तुप्रति आशक्त नहुन सिकाइने ज्ञान संवृत्ति सत्य, जीवन र वस्तुको सत्यता बुझ्ने परमार्थ सत्यको अभ्यास नै शून्यता प्राप्तिको अभ्यास हो।

यस संसारमा दृश्यमान, स्पर्श गर्न सकिने, अनुभूत गर्न सकिने वस्तु, जुन उपयोगी वा अनुपयोगी छन् र प्रयोगजन्य छन्, त्यसप्रति हाम्रो आशक्ति र तृष्णा हुन्छ। ती सबै नाशवान् छन्। यसमा नै दुःख पनि लुकेको हुन्छ। आशक्ति रहनाले दुःखको उत्पत्ति हुन्छ। कुनै पनि वस्तुले सदैव सुख दिन सक्दैन। परिवर्तनशील वस्तुको अनुभूति आदि नाशवान् हुन्छ। नाशवान् वस्तु शाश्वत हुँदैन भनेर सत्य अनुभव र ज्ञान लिन सक्ने परमार्थ सत्यको ज्ञान नै शून्यता बुझ्नु हो। प्रज्ञापारमिताको चित्र देखेपछि शून्यता ज्ञान दर्शनको स्मरण हुन्छ र त्यसलाई बोध गर्ने प्रयत्न गरिन्छ।

प्रज्ञापारमिताको हस्तमुद्रा धर्मचक्र प्रवर्तनको मुद्रा हो। धर्मचक्र शिक्षण प्रवर्तनको मुद्रा हो। यसमा दुवै हातको बूढी औँला र चोर औँलाबाट चक्र बनाइएको हुन्छ। सारनाथ मृगदावनमा रहेको प्रथम धर्मचक्र प्रवर्तनको प्रतीक हो। बुद्धले सिकाएका सबै ज्ञान धर्म सत्य हो भन्ने मान्यता रहेको छ। प्रज्ञापारमिताको साधना विधिबारे साधनामालामा अनेकौँ प्रकारका प्रज्ञापारमिता देवीबारे वर्णन गरिएको पाइन्छ। साधनामालामा यहाँ दिइएको चित्रभन्दा फरक प्रज्ञापारमिताबारे पनि उल्लेख गरिएको छ।

## निष्कर्ष

परम्परागत चित्र रचना भनेको कलात्मक चित्र रचना गर्नु मात्र होइन, अपितु यसका लागि शास्त्रीय ज्ञान र दर्शनको बोध अपरिहार्य छ। यो विधा नेपाली धर्म र संस्कृतिको गहन दर्शनमा आधारित चित्रण विधिबाट वर्णन गरिने कला हो। यो पुराना चित्रका पुनरावृत्ति होइन भन्ने कुरा सबैले बुझ्नु अत्यावश्यक छ।



*लोक चित्रकार*

*लोक चित्रकार समकालीन पौभा चित्रकलाका क्षेत्रमा सिद्धहस्त र अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त सर्जकका रूपमा सुपरिचित छन्। जापान, फिनल्यान्ड, संयुक्त राज्य अमेरिकाका विभिन्न शिक्षण संस्थाहरूमा अतिथि प्राध्यापक रहेका चित्रकार काठमाडौँ विश्वविद्यालयसँग आबद्ध छन्।*

*स्वदेश तथा विदेशका विभिन्न कला सङ्ग्रहालय र व्यक्तिगत सङ्ग्रहमा उनका चित्र रचनाहरू सङ्ग्रहित रहेका छन्। राष्ट्रिय प्रतिभा पुरस्कार (सन् २०१३) र पाटन म्युजियम पुरस्कार (सन् २०१२) जस्ता प्रतिष्ठित पुरस्कारबाट सम्मानित भइसकेका चित्रकार परम्परागत पौभा कलाको उत्थानका लागि स्थानीय एवम् अन्तर्राष्ट्रिय स्तरमा निकै सक्रिय रहिआएका छन्।*